3rd of Jan 2026

मुख्य समाचारहरुबाट

- अमेरिकाले 'मेड इन इन्डिया' उत्पादनमा ट्यारिफ घटाएर 18 प्रतिशत बनाउने प्रधानमन्त्रीको भनाई!
- अनुशासनहीन व्यवहारका कारण लोकसभाका आठ विपक्षी सांसद बजेट सत्रभरका लागि निलम्बित
- पीएम सूर्य घर: मुफ्त बिजली योजनाअन्तर्गत हालसम्म 14 हजार सात सय एक्कातर करोड रुपैयाँको सहयोग वितरण
- संयुक्त राष्ट्रमा सामाजिक विकास आयोगको चौसठऔँ सत्रमा भारतको सहभागिता

समाचार विस्तारमा

अमेरिकाले 'मेड इन इन्डिया' उत्पादनमा ट्यारिफ घटाएर 18 प्रतिशत बनाउने प्रधानमन्त्रीको भनाई!

प्रधानमन्त्री नरेन्द्र मोदीले 'मेड इन इन्डिया' उत्पादनमा अमेरिकाले लगाउँदै आएको ट्यारिफ घटाएर अब 18 प्रतिशत बनाउने जानकारी दिनुभएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको वार्तापछि सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीले उक्त घोषणा गर्नुभएको हो।

प्रधानमन्त्रीले राष्ट्रपति ट्रम्पसँगको संवाद अत्यन्तै सुखद रहेको उल्लेख गर्दै विश्वका दुई ठूला अर्थतन्त्र र दुई ठूला लोकतन्त्र मिलेर काम गर्दा जनताले प्रत्यक्ष लाभ पाउने र आपसी सहकार्यका व्यापक अवसर सिर्जना हुने बताउनुभयो।

यस निर्णयका लागि प्रधानमन्त्रीले भारतका करिब 1 अर्ब 40 करोड जनताको तर्फबाट राष्ट्रपति ट्रम्पप्रति आभार व्यक्त गर्नुभएको छ। उहाँले राष्ट्रपति ट्रम्पको नेतृत्व विश्व शान्ति, स्थायित्व र समृद्धिका लागि महत्वपूर्ण रहेको उल्लेख गर्दै भारतले उहाँका शान्ति प्रयासहरूलाई पूर्ण समर्थन गर्ने स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री मोदीले द्विपक्षीय साझेदारीलाई उत्कृट बनाउन राष्ट्रपति ट्रम्पसँग सहकार्य गर्न आफू उत्सुक रहेको पनि बताउनुभएको छ। वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयलले पनि यो ऐतिहासिक व्यापार सम्झौताका लागि प्रधानमन्त्री नरेन्द्र मोदी, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तथा दुवै देशका जनतालाई बधाई दिनुभएको छ। उहाँले यो कदम साझा समृद्धिका लागि सहकार्य गर्न इच्छुक र निष्पक्ष व्यापारमा विश्वास गर्ने दुई समान विचारधारा भएका लोकतन्त्रहरूको सामर्थ्यको प्रतीक भएको बताउनुभयो।

मन्त्री गोयलका अनुसार यस पहलबाट किसानहरू, सूक्ष्म, साना तथा मध्यम उद्यम, व्यापारी तथा दक्ष श्रमिकहरूलाई ठूलो लाभ पुग्नेछ। उहाँले यो सम्झौताले 'मेक इन इन्डिया', 'डिजाइन इन इन्डिया' र 'इनोभेट इन इन्डिया' पहलमार्फत अभूतपूर्व अवसरहरू खोल्ने उल्लेख गर्नुभयो।

वाणिज्य तथा उद्योगमन्त्रीले यो सम्झौता केवल व्यापारिक सम्झौता मात्र नभई एक ऐतिहासिक कोसेढुंगा भएको बताउँदै यसले भारत–अमेरिका सम्बन्धलाई नयाँ दिशा दिने र 2047 सम्म विकसित भारत निर्माणको लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

यस विषयमा संसदीय कार्य मंत्री किरेन रिजिजुले आफ्नो प्रतिक्रिया दिँदै भन्नुभयो....byteeee

भारत–अमेरिका व्यापार सम्झौताप्रति आलोचनामा किरेन रिजिजूले कांग्रेसमाथि प्रहार

संसदीय कार्यमन्त्री किरेन रिजिजूले भारत–अमेरिका व्यापार सम्झौताप्रति आलोचना गरेको भन्दै कांग्रेसमाथि कडा आलोचना प्रहार गर्नुभएको छ। एनडीए संसदीय दलको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री रिजिजूले राम्रो कामको प्रशंसा नगर्नु कांग्रेसको पुरानै बानी भएको टिप्पणी गर्नुभयो।

उहाँले कांग्रेस सकारात्मक नतिजा हासिल गर्न असफल हुँदै आएको र देशको विकासलाई समेत स्वीकार गर्न नसक्ने आरोप लगाउनुभयो। मन्त्री रिजिजूले भारत–अमेरिका व्यापार सम्झौताले देशको आर्थिक प्रगति र अन्तर्राष्ट्रिय सहकार्यलाई थप मजबुत बनाउने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

अनुशासनहीन व्यवहारका कारण लोकसभाका आठ विपक्षी सांसद बजेट सत्रभरका लागि निलम्बित

लोकसभामा अनुशासनहीन व्यवहार गरेको आरोपमा आठ जना विपक्षी सांसदलाई बजेट सत्रको रहेको अवधिका लागि निलम्बन गरिएको छ।

आज दिउँसो 3 बजेपछि लोकसभाको बैठक पुनः सुरु भएलगत्तै विपक्षी सांसदहरूले विभिन्न विषयमा विरोध प्रदर्शन थालेका थिए। यस क्रममा पीठासीन अधिकारीले सांसदहरूको अनुशासनहीन व्यवहारप्रति आपत्ति जनाउनुभयो।

पछि संसदीय कार्यमन्त्री किरेन रिजिजूले लोकसभामा अनुशासनहीन आचरण र दुर्व्यवहारका कारण बजेट सत्रको बाँकी अवधिका लागि आठ सांसदलाई निलम्बन गर्ने प्रस्ताव पेश गर्नुभयो। सदनले उक्त प्रस्तावलाई ध्वनि मतका माध्यमबाट पारित गऱ्यो।

त्यसपछि सभा अध्यक्षले लोकसभाको बैठक भोलि बिहान ११ बजेसम्मका लागि स्थगित गर्नुभएको थियो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

पीएम सूर्य घरः मुफ्त बिजली योजनाअन्तर्गत हालसम्म 14 हजार सात सय एक्कातर करोड रुपैयाँ सहयोग वितरण

सरकारले पीएम सूर्य घरः मुफ्त बिजली योजनाअन्तर्गत हालसम्म केन्द्रिय वित्तीय सहायता स्वरूप 14 हजार 771 करोड रुपैयाँ वितरण गरिसकेको जनाएको छ। नवीकरणीय ऊर्जामन्त्री  श्रीपाद येस्सो नाइक-ले आज राज्यसभामा लिखित उत्तरमार्फत उक्त जानकारी दिनुभएको हो।

उहाँका अनुसार यो योजना माग–आधारित योजना हो, जसअन्तर्गत देशभरका सबै आवासीय उपभोक्ताले छानामाथि (रूफटप) सौर्य ऊर्जा प्रणाली जडान गरी योजनाको लाभ लिन सक्नेछन्। मन्त्री नाइक-ले भन्नुभयो कि 2024 फेब्रुअरीमा योजना सुरु भएदेखि हालसम्म देशभर 20 लाख पच्यासी हजार रूफटप सौर्य प्रणाली जडान भइसकेका छन्, जसबाट 26 लाखभन्दा बढी घरपरिवार लाभान्वित भएका छन्। उहाँले थप जानकारी दिँदै भन्नुभयो कि एक करोड घरपरिवारमा रूफटप सौर्य प्रणाली जडान भएमा करिब एक हजार अर्ब युनिट नवीकरणीय विद्युत् उत्पादन हुन सक्ने अनुमान गरिएको छ।

दुबईमा वर्ल्ड गभर्नमेन्ट समिट 2026 सुरु जस्मा विश्व नेताहरूको उच्चस्तरीय सहभागिता

दुबईमा वर्ल्ड गभर्नमेन्ट समिट 2025 औपचारिक रूपमा सुरु भएको छ। “भविष्यका सरकारलाई आकार दिनु” भन्ने मुख्य विषयसहित आयोजना गरिएको यस सम्मेलनमा विश्वभरका नेता, नीति निर्माता, अर्थशास्त्री तथा व्यवसायिक क्षेत्रका प्रतिनिधिहरू एकत्रित भएका छन्। सम्मेलनमा नवप्रवर्तन, दिगोपन र प्रविधिले सार्वजनिक नीतिहरूलाई कसरी रूपान्तरण गरिरहेका छन् भन्ने विषयमा विस्तृत छलफल हुनेछ।

शिखर सम्मेलनका सत्रहरू आर्थिक, सामाजिक र प्राविधिक चुनौतीहरू सामना गर्न सरकारी नीतिहरू सुदृढ बनाउने तथा अन्तर्राष्ट्रिय सहकार्यलाई थप मजबुत बनाउने विषयमा केन्द्रित छन्। कार्यक्रममा 445 भन्दा बढी सत्र आयोजना हुँदैछन्, जसमा 450 भन्दा बढी विश्वस्तरीय व्यक्तित्व, राष्ट्रप्रमुख, मन्त्री तथा विज्ञहरूको सहभागिता रहनेछ।

सम्मेलनलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) की प्रबन्ध निर्देशक Kristalina Georgieva-ले भू–राजनीतिक तनाव र व्यापार नीतिसम्बन्धी अनिश्चितताका भएता पनि विश्व अर्थतन्त्रले अपेक्षाभन्दा बढी लचिलोपन देखाएको बताउनुभयो। 5 फेब्रुअरी सम्म चल्ने यस शिखर सम्मेलनमा 6 हजार 250 भन्दा बढीले सहभागिता जनाई रहेका छन्।

संयुक्त राष्ट्रमा सामाजिक विकास आयोगको चौसठऔँ सत्रमा भारतको सहभागिता

महिला तथा बाल विकास राज्यमन्त्री सावित्री ठाकुरको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले न्यूयोर्कस्थित संयुक्त राष्ट्र मुख्यालयमा आयोजित सामाजिक विकास आयोगको चौसठऔँ सत्रमा सहभागिता जनाएको छ। प्रतिनिधिमण्डलले समावेशी तथा अधिकार–आधारित सामाजिक विकासप्रति भारतको दृढ प्रतिबद्धता जोड दिएको छ।

केन्द्रीय मन्त्री ठाकुरले भारतको संविधानले सबै नागरिकलाई सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिएको उल्लेख गर्दै यो 2047 सम्म विकसित राष्ट्र बन्ने भारतको दीर्घकालीन लक्ष्यसँग मेल खाने बताउनुभयो। उहाँले अधिकार–आधारित, समग्र सरकारी तथा सामाजिक दृष्टिकोणबारे चर्चा गर्दै यसले सबैका लागि समान अवसर सुनिश्चित गरेको स्पष्ट पार्नुभयो।

सामाजिक विकास आयोगको चौसठऔँ सत्र यस महिनाको 10 तारिखसम्म सञ्चालन हुनेछ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- अमेरिकाले ‘मेड इन इन्डिया’ उत्पादनमा ट्यारिफ घटाएर 18 प्रतिशत बनाउने  प्रधानमन्त्रीको भनाई!
- अनुशासनहीन व्यवहारका कारण लोकसभाका आठ विपक्षी सांसद बजेट सत्रभरका लागि निलम्बित
- पीएम सूर्य घरः मुफ्त बिजली योजनाअन्तर्गत हालसम्म 14 हजार सात सय एक्कातर करोड रुपैयाँको सहयोग वितरण
- संयुक्त राष्ट्रमा सामाजिक विकास आयोगको चौसठऔँ सत्रमा भारतको सहभागिता

*आकासवाणीबाट सुन्दै हुनुहुन्थयो समाचार पुरा भयो*